बैठक संख्या नं. : ३८

आज मिति २०८१/०६/१९ गते शनिबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री उद्धव कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री सुमन्त कोईराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अनिता थापा | का.बा.वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १६ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १७ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १८ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| १९ | श्री विमल राई | कार्यपालिका सदस्य | |
| २० | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २१ | श्री बलदेव बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २३ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २४ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २५ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २६ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |

सचिव

श्री राज कुमार खडका नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## बैठकको कार्यसूची एवं एजेण्डाहरु

१. स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको निर्णय सम्बन्धमा ।

२. महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वनको लागि दोश्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को बुँदा नं.१२.५ मा उल्लिखित कार्ययोजना कार्यान्वयन त्रियुगा नगर स्तरीय समिति गठन गर्ने सम्बन्धमा ।

३. नगरपालिकामा कार्यरत अस्थायी कर्मचारी तथा राष्ट्रिय भूमि आयोगबाट खटि आएका अमिनको पारिश्रमिक उपलब्ध गराउने सम्बन्धमा ।

४. बरुवा डहर रातापनी झोलुङ्गेपूलको रकम उपभोक्ता समितिलाई भुक्तानी सम्बन्धमा ।

५. HICDPs अन्तर्गत स्थानीय तहले आयोजना पेश गर्ने सम्बन्धमा ।

६. वडा दशैं,शुभ दिपावली र छठ पर्वको सुभकामना व्यक्त गर्ने सम्बन्धमा ।

CamScanner

निर्णय नं ७०४

१. त्रियुगा नगरपालिकामा मिति २०८१/०५/२३ मा भएको सर्वदलीय तथा सर्वपक्षीय बैठकको निर्णय बमोजिम जिल्ला प्रशासन कार्यालय गाईघाट उदयपुरलाई त्रियुगा नगरपालिकाबाट च.नं ८२,मिति २०८१/०४/१० को पत्रमार्फत पत्राचार गरिएकोमा मिति २०८१/०६/१६ को जिल्ला विपद् व्यवस्थापन समिति,उदयपुरको निर्णय बमोजिम त्रियुगा नगरपालिकाको बरुवा खोला लगायत जिल्लाका अन्य खोलाहरुको विपद् जोखिम मुल्याङ्कन गरि जिल्ला भित्रका सम्पूर्ण उच्च जोखिम रहेका खोलाहरुबाट आवश्यक कानूनी प्रकृया पुरा गरि नदिजन्य सामाग्री सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्ने निर्णय भई पत्राचार भएकोमा प्राविधिक टोलिबाट प्राप्त प्रतिवेदन बमोजिमको स्थानबाट नदीजन्य सामाग्रीको घाटगद्दी गरी नगरपालिकाले नियमानूसार व्यवस्थापन गर्नका साथै त्रियुगा नगरपालिका र World Bank को संयूक्त लगानिमा नगर गौरवको रुपमा संचालित सघन शहरी सडक आयोजनाको लागि आशिष/आशिर्वाद/स्वामिनारायण जे.भी.को माग बमोजिम नगरपालिकामा मिति २०८१/०६/१८ मा गठित प्राविधिक टोलिबाट प्राप्त प्रतिवेदन तथा मिति २०८१/०६/१९ गते बसेको राजश्व परामर्श समितिको को सिफारिस समेतको आधारमा तोकिएको स्थानबाट नदिजन्य पदार्थको उपलब्ध गराउनका लागि स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८१/०६/१८ को निर्णयबाट सिफारिस भई आएकोले हाललाई विपद व्यवस्थापन प्रयोजनको लागि २००० घन मिटर ग्राभेल साकेला नाकाबाट र २००० घनमिटर बालुवा बरुवा-लुवाले-त्रियुगा दोभान घाटगद्दी गरि व्यवस्थापन गर्ने र आयोजनाको हकमा नियमानूसार शुल्क वा दस्तुर लिई माग भएबमोजिमको नदीजन्य पदार्थ प्राविधिक टोलिबाट प्राप्त प्रतिवेदनमा उल्लेखित स्थानबाट सोझै उपलब्ध गराउने निर्णय गरियो ।

२. वर्षा विपद् जोखिमका कारण त्रिनपा १५ को वडा कार्यालय तथा स्वास्थ्य चौकी भवन पहिरोका कारण जोखिमयुक्त रहेको, त्रिनपा १५ र रौतामाई गाउँपालिका जोडने रानिबास रौता पोखरि सडक,त्रिनपा १६ को सुकौरा वडा कार्यालय बेल्दोभान बोक्से जाने मुख्य सडक अवरुद्ध भएको साथै सिदाली आहाले रौता सडक अवरुद्ध भएको र त्रिनपा १६ र रौतामाई ७ त्रियुगा खोलाको पूल जोखिमयुक्त रहेको, त्रिनपा १५ र १६ मा अवस्थित बेल्दोभान रानिबास बरुवा डहर सडक अवरुद्ध भएको, त्रिनपा १४ को बेल्दोभान टोड्के साउने बजार सडक अवरुद्ध भएको साथै धाप्लाङ्ग सिम्ले घिर्लिङ्ग सडक अवरुद्ध भएको,त्रिनपा ४ र ५ को वगाहा सालघारी दमौति सड्क अवरुद्ध भएको,त्रिनपा १३ को बाबा डिहिबार सडक पोर्ताह अवरुद्ध भएको र त्रिनपा ७ को धरमपुर र चिसापानी खेलमैदान समेत क्षति भएकोले अवरुद्ध सडक सुचारु गर्न तथा खेलमैदान संरक्षण गर्न आवश्यक बजेट व्यवस्थापनको लागि जिल्ला विपद् व्यवस्थापन समिति,उदयपुर लगायत सम्बन्धित निकायमा सिफारिस गर्न स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय भईआएकोले सोहि बमोजिम आवश्यक व्यवस्थाको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

३. विपद् जोखिम राहत वितरण कार्यलाई एकद्वार प्रणालीमार्फत संचालन गर्ने व्यवस्थाका लागि सरोकारवाला सबै संघ संस्थाहरुले त्रियुगा नगरपालिकाको विपद् व्यवस्थापन शाखासंग समन्वय गरि राहत वितरण गर्ने व्यवस्था गर्ने गराउने र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समिति,उदयपुरलाई गराउने निर्णय भई आएकोले सोहि बमोजिम आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

४. मिति २०८१/०६/१० गते देखि आएको अविरल वर्षाको कारण मनसुनजन्य विपदका कारण मृत्यु भएका हरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदना प्रकट गरियो साथै घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरियो साथै मिति २०८१/०६/१५ गतेको स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयबाट

त्रियुगा नगरपालिका वडा नं.१४ मा विपदले पुऱ्याएको क्षेतिको सम्बन्धमा स्थानीय प्रहरीको मुचुल्का सहित सम्बन्धित वडा कार्यालयबाट विवरण प्राप्त भएकोले सो सम्बन्धमा पूर्ण क्षेति भएका प्रति घरधुरीलाई रु.३०,०००।- (तिस हजार) का दरले र आंशिक क्षेति भएका घरधुरीलाई रु.५,०००।- (पाच हजार) का दरले तत्काल राहत उपलब्ध गराउन त्रियुगा नगरपालिकालाई सिफारिस गर्ने निर्णय भई आएकोले सोहि बमोजिम राहत उपलब्ध गराउने र थप राहत तथा क्षतिपूर्तिका लागि प्रदेश सरकार तथा संघीय सरका समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ७०५

महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वनको लागि दोश्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को बुँदा नं.१२.५ मा उल्लिखित कार्ययोजना कार्यान्वयन त्रियुगा नगर स्तरीय देहायबमोजिको समिति गठन गर्ने सम्वन्धमा ।

| | |
|---|---|
| १. नगर प्रमुख | अध्यक्ष |
| २. नगर उपप्रमुख | उपाध्यक्ष |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ५. रेखा थापा मगर (कार्यपालिका सदस्य) | सदस्य |
| ६. शिक्षा शाखा प्रमुख | सदस्य |
| ७. स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ८. महिला बालबालिका उपशाखा प्रमुख | सदस्य |
| ९. कल्पना राई (ढकाल)त्रि न पा ४ र केन्द्रिका चौधरी त्रि न पा १२ दन्द पिडीत महिला २ जना (राज्य पक्ष र विद्रोही पक्ष) | सदस्य |
| १०.सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

निर्णय नं ७०६

त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८१/०३/२३ को निर्णयानूसार यस नगरपालिकामा २०७४ साल अगाडि देखि अस्थायी रुपमा प्रशासनीक पदमा कार्यरत रहेका कर्मचारीहरुको हकमा कोशी प्रदेश सरकारद्वारा जारी स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन,२०८० को दफा १६ को उपदफा ३ मा भएको व्यवस्था कार्यान्वयनका लागि यस कार्यालयबाट १५ दिने सूचना प्रकाशन गरिएकोमा उच्च अदालत बिराटनगरमा दर्ता भएको मुद्दा नं ०८१-WO-००३०मिति२०८१/०४/२१ को मुद्दा:उत्प्रेषण समेतले नगरपालिकाबाट प्रस्तुत विषयका सम्बन्धमा भएको निर्णय निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनु यथास्थितिमा राखु भनी आदेश प्राप्त भएकोले नगरपालिकामा लामो समयदेखि अस्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको मिति २०८१/०४/०१ देखिको पारिश्रमिक भुक्तानी नभएकोले मिति २०८१/०४/०१ देखि असोज मसान्त सम्म साबिक बमोजिमकै पारिश्रमिक उपलब्ध गराउने साथै राष्ट्रिय भूमि आयोगबाट यस नगरपालिकामा खटिई आएका अमिनहरुको तलब २०८१ जेष्ठ महिनादेखि राष्ट्रिय भूमि आयोगले उपलब्ध नगराएको कारण नगरपालिकामा कामकाज गर्दै आएका देहायका अमिन हरुलाई २०८१ जेष्ठ महिनादेखि असोज सम्मको स्केल बमोजिमको तलब उपलब्ध गराउने निर्णय गरियो । देहाय

क) गजकुमार ढकाल

ख) सन्तोष यादव

CamScanner

ग) दिलिप कुमार यादव र चन्द्र ढकाल

<u>निर्णय नं ७०७</u>

बरुवा डहर रातापानी झोलुङ्गेपूल निर्माणका क्रममा पूलमा प्रयोग हुने सामाग्रिहरु मेस जाली जे हुक र जी आई तार नट बल्टु TBSU संस्थाले उपलब्ध गराउनुपर्नेमा उक्त संस्थाबाट उपलब्ध नभएकोले सो सामाग्रीहरु उपभोक्ता समितिले खरिद गरि सम्पन्न गरेको रु १४५,०००/-(रु एक लाख पैतालिस हजार मात्र) रकम उपभोक्ता समितबाट माग भई आएकोले प्राविधिक मूल्यांकन तथा संलग्न बिल भरपाईका आधारमा सम्बन्धीत उपभोक्ता समितिलाई लागत सहभागिता बजेट शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं ७०८</u>

आउदै गरेको वडा दशै शुभदिपावली र छठ पर्व,न्युदया भिन्तुना र बकर, इदको सम्पूर्ण नगरवासीमा नगरकार्यपालिकाको तर्फबाट शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ७०९</u>

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार,काठमाण्डौको पत्रानूसार उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना HICDPs अन्तर्गत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने पत्रका सम्बन्धमा यस नगरपालिकाबाट निम्न आयोजनाका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१. महिला छात्रावास त्रियुगा जनता बहुमुखि क्याम्पस त्रि.न.पा ३,मोतिगडा

२. नगर अस्पताल त्रि.न.पा ५,देउरी

३. फोहरमैला व्यवस्थापन केन्द्र त्रि.न.पा १ र १३ स्थित फूलजोर

<u>निर्णय नं ७१०</u>

कारागार कार्यालय बोक्से,गाईघाटबाट फूलपातीको दिन पुजाको लागि लागि खसि उपलब्ध गराईदिन अनुरोध भई आएकोले खसि उपलब्ध गराउने निर्णय गरियो ।साथै नगरपालिकामा फुलपातिको शुभ अवसरमा विगत वर्षमाझैं गरिदै आएको झण्डा पूजाको लागि आवश्यक तयारीको व्यवस्था गर्न नगरपालिकाको प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

२०७९।६।१५